# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं. : २०८१/०८२
च.नं. : ९२१

E-mail : sabailamun@gmail.com

सबैला नगरपालिका नगर कार्यपालिकाको कार्यालय सबैला, धनुषा २०७३

मिति : २०८१/०५/०६

श्री सबै सामुदायिक तथा संस्थागत विधालयहरु,
सबैला नगरपालिकाको कार्यालय, धनुषा, मधेश प्रदेश, नेपाल

**विषय : वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारे।**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८१/०४/३१ गतेको सूचना अनुसार वैदेशिक रोजगारीमा गएर मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोष मार्फत सत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका सामुदायिक तथा संस्थागत विधालयहरुमा आध्ययनरत विधार्थीहरुलाई उक्त कार्यक्रमभा समावेश हुन यो सूचना प्रकाशित गरिएको छ । छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका ईच्छुक विधार्थीहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति संचालन कार्यविधि, २०८० बमोजिम आ-आफ्नो विधालयमा तोकिएको मिति भित्र निवेदन पेश गर्नहुन साथै सम्बन्धित विधालयले यस्ता निवेदन प्राप्त भए पश्चात कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी सबैला नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा कागजात पेश गर्नुहुन सबैमा अनुरोध छ ।

**आवश्यक प्रक्रिया तथा पेश गर्नुपर्ने कागजातहरु:**

- वैदेशिक रोजगार सन्तती छात्रवृत्ति संचालन कार्यविधि, २०८० मा उल्लेख भए बमोजिमको परिवारका सदस्यले छात्रवृत्तिका लागि सम्बन्धित शैक्षिक संस्थामा कार्यविधिको अनुसूची-०१ बमोजिमको ढाँचामा भाद्र मसान्त भित्रमा निवेदन पेश गर्ने।
- निवेदनमा निवेदकले देहायका कागजातहरु संलग्न गर्नुपर्ने छ।
- श्रमिकको राहदानीको प्रतिलिपि वा राहदानी खुल्ले कागजात ।
- छात्र/छात्रा वा निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाताको प्रतिलिपि ।
- मृतकको हकमा मृत्यु दर्ताको प्रमाणपत्र र श्रमिक अंगभंग वा गम्भीर बिरामी भएको परमणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपित्र ।
- छात्र/छात्रा र श्रमिक बिचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि ।
- श्रमिक करार अवधिभित्रै अंगभंग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको भए खुल्ने कागजात ।
- निवेदकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- सम्बन्धित विधालयमा दर्ता भएका निवेदन उपर जाँचबुझ गरी सम्बन्धित विधालयले उपयुक्त ठहर गरेका निवेदन अनुसूची-२ बमोजिमको ढाँचामा सिफारिस सहित शिक्षा शाखामा मिति २०८१/०६/१० गते भित्र पेश गर्नु हुन अनुरोध छ साथै अनुसूचीसहित थप जानकारीका लागि https://www.feb.gov.np मा हेर्न सकिनेछ ।

नि, प्रमुख प्रशासकिय अधिकृत
विरेन्द्र लाल कर्ण

नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
श्री सूजना प्राविधि शाखाः- Website मा Upload गर्नुहुन ।

Scanned with CamScanner